प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तह सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत प्रथम बर्ष प्रथम खण्ड नियमित/आंशिक तर्फको इन्जिनियरिङ्ग फिजिक्स-I बिषयको प्रश्नपत्र सम्वन्धमा अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७८।०५।१२)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा मिति २०७८।०५।०९ गते देखि संचालन भैरहेको डिप्लोमा तहको सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत प्रथम बर्ष प्रथम खण्ड नियमित/आंशिक परीक्षाको Engineering Physics-I बिषयको परीक्षा मिति २०७८।०५।१२ गते दिउंसो २:३० बजे संचालन हुने परीक्षा तालिका रहेकोमा मिति २०७८।०४।२८ गते बिहान ८:०० बजे संचालन भैसकेको सोही बर्षको विशेष प्राविधिक शिक्षा छात्रबृत्ति तर्फको प्रश्नपत्रको शीर्षकलाई मेटाई सामाजिक संजालमा प्रश्नपत्र आउट भएको भनी भ्रम सृजना गर्न खोजेको हुंदा आज संचालन हुने Engineering Physics-I बिषयको परीक्षा दिने सबै परीक्षार्थीहरुलाई भ्रममा नपरी निर्धकताका साथ तोकिएको समयमा आफ्नो परीक्षा दिनु हुन सम्वन्धित सम्पुर्ण परीक्षार्थीहरुलाई अनुरोध छ । साथै परीक्षा संचालन भैरहेका परीक्षा केन्द्रका केन्द्राध्यक्षहरुले आफ्नो केन्द्रका परीक्षार्थीहरुलाई उक्त जानकारी दिनु हुन समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्चः सामाजिक संजालमा परीक्षार्थीहरु माथि भ्रम सृजना गरी बिद्यार्थीको भविष्य माथि खेलवाड गर्ने व्यक्ति वा समूह माथि कानूनी कार्यवाहीको प्रकृया अगाडि बढाईएको व्यहोरा समेत अनुरोध छ ।

**परीक्षा नियन्त्रक**